सिक्किम र आसमबाट एकैसाथ प्रकाशित
हाम्रो प्रजाशक्ति

5 May, 2018

# छाङ्गु-नथुला पर्यटनमा अर्को रोजाई बन्दै घिर्लिङ



**गान्तोक, ०५ मई।** पूर्व सिक्किमको चर्चित पर्यटकीय गन्तव्य छाङ्गु, नथुला र बाबा मन्दिरपछि छाङ्गु रोप-वे सेवा अहिले पर्यटकहरूको पहिलो रोजाई बन्दै गइरहेको छ। गत वर्षको जुलाई महिनामा शुरु भएको छाङ्गु रोप-वे (घिर्लिङ) अहिले टम्म हिउँले ढाकिएको सेत्ताम्मे टाकुरामा पुगेर मनमोहक दृश्य अवलोकन गर्न र हिउँको आनन्द लिन पर्यटकहरूको घुइँचो लागेको छ।

कन्वेयर एण्ड रोप-वे सर्विस प्रालि ले विकास गरेको यो घिर्लिङका उप महाप्रबन्धक (व्यावसाय) इन्द्रनाथ घोषले भने, 'अहिले दैनिक रूपमा हरदर दुई सय पचासदेखि तीन सय पर्यटकहरूले घिर्लिङको आनन्द लिइरहेका छन्। पछिल्लो वर्षको तुलनामा यस वर्ष पर्यटकहरूको राम्रो आगमन भइरहेको छ। पर्यटकहरूले यहाँ आएर स्विट्जरल्याण्डको आनन्द उठाउन सक्ने उनले दाबी गरे।

यसैगरि घिर्लिङका सह-मालिक केबी गुरूङले भने, 'लगभग आठ वर्ष लगाएर निर्माण कार्य पूरा भएपछि शुरू गरिएको यो घिर्लिङले पर्यटकहरूलाई छुट्टै मनोरञ्जन र आकर्षण प्रदान गर्दैछ। हामीले पर्यटनको क्षेत्रमा प्राकृतिले दिएको सुन्दरतामा थप आकर्षणको रूपमा यसलाई सञ्चालन गर्न पाउँदा खुशी लाग्नका साथै पर्यटकहरूलाई पनि सन्तुष्टि दिन सकिरहेका छौं।' उनले भविष्यमा यहाँ अझ थप सुविधाहरू जडान गरेर पर्यटकहरूलाई मनोरञ्जन प्रदान गर्ने बताए।

१४,५०० फिटको उँचाईमा अवस्थित घिर्लिङको अन्तिम स्टेशन अहिले पूर्ण रूपमा हिउँले ढाकिएको छ जहाँबाट नथुला, दार्जीलिङ, भोटाङ र चर्चित डोकलामको दृष्य हेर्न सकिन्छ। एशियाकै पहिलो सर्वाधिक उँचाईमा निर्मित यो घिर्लिङ सिक्किममा निर्माण गरिनु पनि एउटा कीर्तिमान नै रहेको सह मालिक गुरुङले बताए।

यसरी नै छाङ्गु घुम्न आएको नेपाल चलचित्र सङ्घका अध्यक्ष रामकिशोर बोगटीले घिर्लिङको सवारीपछि यस्तो सुन्दर हिउँले ढाकिएको घिर्लिङ गुड्ने ठाउँ नेपालमा नरहेको बताए। उनले नेपालको मनोकामनामा पनि मन्दिर जाने घिर्लिङ रहेको भए पनि यहाँ सेत्ताम्मे हिउँबीच घिर्लिङको यात्रा गर्न पाउनु नौलो अनुभव रहेको बताए। आफ्नो तेस्रोपल्टको सिक्किम भ्रमण स्मरणीय बनेको बताउँदै एकपल्ट सिक्किम घुम्न आउनुपर्ने ठाउँ रहेको बताए। यसैगरी सिङ्गापुरमा एक अभियन्ताको रूपमा कार्यरत फ्रान्सका नागरिक निकोलस आफ्नो परिवारसित पहिलोपल्ट सिक्किम भ्रमणमा आएको र सिक्किम आफ्नो अपेक्षा भन्दा सुन्दर पाएको बताए। आफूले युरोपमा धेरैपल्ट घिर्लिङको अनुभव लिइसकेको, तर यहाँ पनि आफ्नो परिवारसित घिर्लिङ आनन्द लिनु पाउँदा धेरै खुशी लागेको बताए।

उल्लेख्य, एक पटकमा छह जना यात्रु बस्न सकिने यस घिर्लिङबाट कस्तुरी, मुनाल, डाँफे र विभिन्न प्रजातिका गुरासँको समेत अवलोकन गर्न सकिन्छ।